# शान्तिनगर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## चिराघाट, दाङ
लुम्बिनी प्रदेश, नेपाल

प.सं.- ०७८/०७९
च.नं.- २२८०

मिति: २०७९/०२/३०

श्री सरोकारवालाहरु सबै ।

**बिषयः स्थानीय तहमा सञ्चालित SUTRA प्रणाली बन्द भई भुक्तानी नहुने सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० उपनियम १ अनुसार आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तिमा एक साता अगाडि नै भुक्तानी निकासा बन्द गर्ने र खर्च हुन नसकि बाँकि रहेको रकम आर्थिक वर्ष भित्रै फिर्ता गर्नुपर्ने भन्ने कानूनी प्रावधान रहेको छ ।

सो सम्बन्धमा यस गाउँपालिकाबाट संचालित आ.व. २०७८/०७९ को सम्पूर्ण कार्यक्रमहरुको कार्य सम्पन्न गरि भुक्तानीको लागि मिति २०७९/०३/१५ गते भित्र यस पालिकाको आर्थिक प्रशासन शाखमा पेश गर्नुहुन अनुरोध छ । तोकिएको मिति पछि पेश भएका कागजातको हकमा रकम भुक्तानी गर्न शान्तिनगर गाउँपालिका जिम्मेवार नहुने र सो रकम फ्रिज हुने जानकारी गराइन्छ ।

आर्थिक वर्षको अन्तिम सात दिनभित्र कर दाखिला गर्ने नेपाल सरकार र प्रदेश सरकारलाई फिर्ता गर्नूपर्ने रकम फिर्ता गरि सोको बैंक भौचर कोलेनिकामा बुझाउने र आ.व. २०७८/०७९ को सम्पुर्ण कारोबारको हिसाव मिलान गरि विभिन्न निकायमा प्रतिवेदन पठाउने समेतका कामहरु आ.व. समाप्त हुनुभन्दा अगावै गरिसक्नुपर्ने बाध्यात्मक कानुनी व्यवस्था भएकोले २०७९/०३/१५ भित्र भुक्तानीको लागि कागजात पेश हुन नआएमा कार्यालय भुक्तानी दिन असमर्थ हुनेहुँदा समय सिमा भन्दा पछि भुक्तानी माग गरेको कारणले भुक्तानी नभएमा कार्यालय जवाफदेही नहुने र स्वयं सरोकारवाला नै जिम्मेवार हुने व्यहोरा सबैमा जानकारीको लागि अनुरोध छ ।

लेखा भण्डारी
लेखा अधिकृत (अधिकृत स्तर सातौं)

रेमन्त बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत